म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ११९ २०८१ चैत ७ गते बिहीबार 20 March 2025, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

## पौडी खेल्ने क्रममा डुबेर मृत्यु

हेटौंडा : सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-४, यामुनडाँडास्थित स्वीमिङ पुलमा पौडी खेल्ने क्रममा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ७ वर्षीय सुसन तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार साँझ ५ बजेको समयमा बालक स्वीमिङ पुलमा डुबेर बेहोश अवस्थामा फेला परेका थिए । बालकलाई उपचारका लागि सिन्धु सदाबहार अस्पताल खाडिचौर लगिएकोमा साँझ ६ बजेर ४५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

### स्ववियू निर्वाचन-२०८१

# मकवानपुरमा प्रसिद्ध, हेटौंडामा अभि, वन विज्ञानमा श्यामराज निर्वाचित


प्रसिद्ध रेग्मी


अभि मैनाली


श्यामराज भट्ट

समाज संवाददाता

हेटौंडा : स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियू) निर्वाचनमा हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा अनेरास्ववियुका प्रसिद्ध रेग्मी, हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसमा अनेरास्ववियुकै अभि मैनाली र हेटौंडा-१० स्थित वन विज्ञान क्याम्पसमा नेविसंघका श्यामराज भट्ट निर्वाचित हुनुभएको छ । मकवानपुर बहुमुखी क्याम्पस र हेटौंडा क्याम्पसको नतीजा बुधबार बिहान सार्वजनिक भएको थियो भने वन विज्ञान क्याम्पसको नतीजा मंगलबार अबेर राती सार्वजनिक भएको थियो ।

बुधबार बिहान सम्पन्न मतगणनाअनुसार मकवानपुर बहुमुखी क्याम्पसमा ७०६ मतसहित प्रसिद्ध रेग्मी अध्यक्षमा निर्वाचित हुनुभएको हो । उहाँका निकटतम् प्रतिद्वन्द्वी अखिल क्रान्तिकारीका छोइसाङ लामाले ५०७ मत प्राप्त गर्नुभयो । लामा २०७९ सालमा सम्पन्न निर्वाचनमा अध्यक्ष निर्वाचित हुनुभएको थियो । रेग्मी लामा नेतृत्वको स्ववियु कै सदस्य हुनुहुन्थ्यो ।

स्ववियु निर्वाचनमा अन्य पदाधिकारी र सदस्य पनि रेग्मी प्यानलकै विजयी भएका छन् । सचिवमा रेग्मी प्यानलकै नेविसंघका उत्सव ढुंगाना ७११ मतसहित विजयी हुँदा अखिल क्रान्तिकारीका दिपेश कार्की ५४४ मतसहित पराजित हुनुभयो । कोषाध्यक्षमा अनेरास्ववियुका निर्दोष लुइटेल ७०४ मतसहित निर्वाचित हुँदा अखिल क्रान्तिकारीका अमन राय ५४४ मतसहित पराजित हुनुभयो ।

सदस्यमा अनेरास्ववियुका मनोज घलान (७८९ मत), दिवस चौलागाई (७३४ मत), उमेश चौधरी (७२५ मत) र साजिर अन्सारी (६७३ मत) तथा नेविसंघका कृषन थिङ (६३८ मत), मन्दिप थापा (६३३ मत), अतित अधिकारी (६२० मत) र विवश अर्याल (६१६ मत) निर्वाचित हुनुभएको छ । मकवानपुर बहुमुखी क्याम्पसमा दुई हजार छ सय ९८ मतदातामध्ये एक हजार दुई सय ८१ मत खसेको थियो । छ मत बदर हुँदा एक हजार दुई सय ७५ मत सदर भएको प्रमुख निर्वाचन अधिकृत सन्देश विडारीले जानकारी दिनुभएको छ ।

हेटौंडा क्याम्पसको अध्यक्षमा अनेरास्ववियुका अभि मैनाली दुई सय ५१ मतसहित निर्वाचित हुनुभएको हो । मैनाली दोस्रो कार्यकालका लागि अध्यक्ष निर्वाचित हुनुभएको हो । अध्यक्ष पदका अर्का आकांक्षी अखिल क्रान्तिकारीका दीपक वाईबा १ सय १९ मत सहित पराजित हुनुभयो । स्ववियुमा मैनालीकै प्यानलबाट पदाधिकारीहरू निर्वाचित भएका छ । सचिवमा मैनालीकै प्यानलबाट २ सय ७१ मत सहित अनेरास्ववियुका गणेश तिमल्सिना विजयी हुनुहुँदा निकटम प्रतिद्वन्द्वी वाईबाको प्यानलबाट अखिल (क्रान्तिकारी) का ईश्वर ढुङगेल ९१ मतसहित पराजित हुनुपऱ्यो ।

कोषाध्यक्षमा मैनाली प्यानलबाट २ सय ३६ मत सहित नेविसंघका सुरज बोलखे निर्वाचित हुनुभएको छ । सचिवका आकांक्षी अखिल क्रान्तिकारीकी प्राश्ना दोङ १ सय १५ मत सहित पराजित हुनुभयो । सदस्यमा शिशिर ढकाल (२६४ मत), नितेश भण्डारी (२५६ मत), नितिश कुमार यादव (२४८ मत), मुना सिकारी (२४७ मत) र अखिलेश कुमार यादव (२३८ मत) निर्वाचित हुनुभएको छ । अखिल क्रान्तिकारी प्यानलका सुस्मिता थिङ (१०९ मत), प्रमिला सिन्तान (११४ मत) स्वस्तिका सिन्तान (१०५ मत), अस्मिता थोकर (१०८ मत) र प्रकाशमान गोले (८३ मत) पराजित हुनुभयो । हेटौंडा क्याम्पसमा कुल छ सय ८५ जना मतदातामध्ये ३ सय ७४ जना (५५ प्रतिशत) ले मतदान गरेको सहायक क्याम्पस प्रमुख मनोज पोखरेलले जानकारी दिनुभयो ।

यस्तै हेटौंडा-१० स्थित वन विज्ञान क्याम्पसको स्ववियु अध्यक्षमा दुई सय ४६ मतसहित श्यामराज भट्ट निर्वाचित हुनुभयो । वन विज्ञान क्याम्पसमा नेविसंघले लगातार तेस्रो पटक अध्यक्ष जितेको हो । वन विज्ञान क्याम्पसमा नेविसंघ र अनेरास्ववियुबीच सहकार्य भएको हो । अध्यक्षका अर्का आकांक्षी अनेरास्ववियु (क्रान्तिकारी) का छत्र शाहीले ११८ मत प्राप्त गरी पराजित हुनुभयो । सचिवमा अनेरास्ववियुका सुगम भुषाल क्षेत्री २६७ मतसहित विजयी हुँदा अर्का प्रतिस्पर्धी रमेश सिंह बोहराले १०१ मत प्राप्त गरी पराजित हुनुभयो । कोषाध्यक्षमा नेविसंघकी पूर्णिमा पन्त १६७ मतसहित विजयी हुँदा अर्का आकांक्षी क्रान्तिकारीकी निरुता श्रेष्ठ १०२ मतसहित पराजित हुनुभयो । सदस्यमा युनिशा धामी, रोहन केसी, विनय तिमल्सिना, किरणकुमार रावल र जष्टिना श्रेष्ठ विजयी हुनुभयो ।

# लागूऔषध खैरो हेरोईनसहित ६ जना पक्राउ

**प्रहरीले उनिहरूको साथबाट १ ग्राम ४३० मिलिग्राम लागूऔषध खैरो हेरोईन बरामद गरेको जनाएको छ । लागूऔषधसहित ६ जनालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।**

समाज संवाददाता

हेटौंडा : मकवानपुर प्रहरीले एकै दिन छुट्टाछुट्टै स्थानबाट लागूऔषध खैरो हेरोईनसहित ६ जनालाई पक्राउ गरेको छ । हेटौंडा-८, ओमनगरस्थित रनिश थापाको घरबाट लागूऔषध खैरो हेरोईनसहित ३ जनालाई पक्राउ गरेको छ ।

मंगलबार दिउँसो ३ बजेको समयमा ३७ वर्षीय रनिशसहित हेटौंडा-१५ का ३५ वर्षीय सुनिल खड्गी र हेटौंडा-१५ का ३२ वर्षीय धन सिंह वाईबालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । लागूऔषध खैरो हेरोईनको कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको थियो । प्रहरीले उनिहरुको साथबाट २ ग्राम २९० मिलिग्राम लागुऔषध खैरो हेरोईन बरामद गरेको थियो ।

यस्तै हेटौंडा-१०, न्युरेनीस्थित हुम बहादुर थापा मगरको घरबाट लागूऔषध खैरो हेरोईनसहित कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी टोली खटिएको थियो । मंगलबार दिउँसो १ बजेर ३५ मिनेटको समयमा ४३ वर्षीय हुम बहादुरसहित, हेटौंडा-२ चौकीटोलका २४ वर्षीय विजय आले मगर र हेटौंडा-१८ का २० वर्षीय रविन सुनारलाई पक्राउ परेका छन् । प्रहरीले उनिहरुको साथबाट १ ग्राम ४३० मिलिग्राम लागूऔषध खैरो हेरोईन बरामद गरेको जनाएको छ । लागूऔषधसहित ६ जनालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।


**कामदार कर्मचारी कल्याणकारी कोष**
**युनिलिभर नेपाल लिमिटेड**
**हेटौडा-३, मकवानपुर**

**सवारी साधन (इन्धन र विद्युतीय बसहरू) आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

यस कम्पनीको हेटौडा-३ बसामाडी, मकवानपुर स्थित उद्योगले उद्योगमा कार्यरत कर्मचारीहरूको लागि सवारी साधनको आवश्यकता भएकाले सवारी साधन आपूर्ति गर्नको लागि इच्छुक सवारी साधन आपूर्तिकर्ताहरूलाई तपसिलमा उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही बोलपत्र प्रस्ताव - शिलबन्दी कोटेशन सहित) पेश गर्न हुन आव्हान गरिन्छ ।

आवश्यक सवारी साधनः
- इन्धन बस (३५ देखि ४० सिटे) वा, विद्युतीय बस (३५ देखि ४० सिटे)
- इन्धन मिनिबस (१६ देखि १८ सिटे) वा, विद्युतीय मिनिबस (१६ देखि १८ सिटे)

तपसिल

शिलबन्दी बोलपत्र तथा सवारी साधनका शर्तहरू :

१. **सुरक्षा मापदण्डहरु** : राष्ट्रिय र अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डहरूको पालना (जस्तै, सीटबेल्ट, क्र्यास टेस्ट रेटिङ, ए.बी.एस.) तथा आपतकालीन किटहरु (प्रथम सहायता किट, आगो निभाउने यन्त्र, र उपकरणहरु) भएको विवरण ।
२. **कानूनी पालना** : व्यावसायिक प्रयोगको लागि उचित दर्ता र वैध अनुमति तथा व्यापक बीमा कवरेज (तेस्रो पक्षको दायित्व र कर्मचारी कवरेज) र उत्सर्जन मापदण्डहरूको पालना (इन्धन सवारी साधनहरूको लागि यूरो/भारत स्टेज) को विवरण ।
३. **अन्य** : आरामदायी सीटिंग र नियमित सफाई र स्वच्छता हुने विवरण ।
४. **आपुर्ति सम्बन्धि आवश्यकताहरु** : सम्बन्धित क्षेत्रमा अनुभव भएको आपुर्तिकर्ता/फर्म, गुणस्तरिय सेवा तथा सवारी साधन आधुनिक मोडलको हुनु पर्ने । आपुर्तिकर्ताले जुनसुकै अवस्थामा सेवा तथा परेको बेला मर्मत तथा प्रतिस्थापन गनुपर्ने छ ।
५. **आपुर्तिकर्ताले सिलवन्दी कोटेशन पेश गर्दा भर्नु पर्ने तालिकाः**

| विवरण | इन्धन बस (३५-४० सिटे) मोडल सहित | विद्युतीय बस (३५-४० सिटे) मोडल सहित | इन्धन मिनिबस (१६-१८ सिटे) मोडल सहित | विद्युतीय मिनिबस (१६-१८ सिटे) मोडल सहित |
|---|---|---|---|---|
| प्रस्तावित मासिक दर (२२०० किमी सम्म) | | | | |
| २२०० किमी पछि अतिरिक्त प्रति किमी दर | | | | |
| प्रति सवारी साधन चालकको मासिक सकल तलब (२ चालक प्रति सवारी साधन) | | | | |
| चालकहरूको लागि ओभरटाइम दर (प्रति घण्टा) | | | | |
| | | | | |

६. **पेश गर्ने दिशानिर्देशहरु** : बोलपत्रहरूमा लागतहरूको विस्तृत विवरण (भाडा, मर्मत, इन्धन वा चार्जिङ, आदि) तथा सबै आवश्यक कागजातहरु (दर्ता प्रमाणपत्र, बीमा, आदि) समावेश गरी सवारी साधनहरूको लागि वारंटी र मर्मत तालिका समेत उल्लेख गर्नुपर्दछ । यससँगै अनुमानित डेलिभरी गर्न सक्ने समय समेत पेश गर्नुपर्नेछ ।
७. **अन्य विवरण** : प्रत्येक सवारी साधनमा आपुर्ति गर्न चाहानेले २ चालक खट्टाउनु पर्नेछ । सवारी साधनको मासिक प्रयोग अनुमानः प्रति महिना २२०० कि.मी अनुमान गरिएको छ ।
८. **बोलपत्र खोल्ने र स्वीकृत गर्ने सम्बन्धमा** : बोलपत्र प्रस्ताव कम्पनीको प्रतिनिधिबाट खोलिनेछ र टेण्डर परेको पार्टीलाई सोही अनुसारको जानकारी ईमेलबाट गराईनेछ । स्वीकृत बोलपत्रदाताले प्रस्ताव स्वीकृत भएको सूचना इमेलमार्फत प्राप्त गरेको मितिले ७ दिन भित्र कम्पनीमा उपस्थित भई द्विपक्षीय सम्झौता गर्नुपर्नेछ ।

**बोलपत्र** युनिलिभर नेपाल लिमिटेड, बसामाडी, हेटौडा ३, मकवानपुर, नेपालको मुख्य गेट **मा ४ अप्रिल २०२५ सम्म पेश गर्नुपर्छ ।** यस सम्बन्धि थप जानकारी आवश्यक परेमा बिहान १०:०० बजे देखि बेलुका ५:०० बजे सम्म फोन नं. ९८०८९००६४६ मा सम्पर्क गर्न सकिने छ ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि बोलपत्रदाताले पेश गरेको बोलपत्र उपर अन्तिम निणर्य गर्ने अधिकार कम्पनीमा सुरक्षित रहनेछ ।

## सम्पादकीय

# एसईई सफलताको शुभकामना

नेपालमा कक्षा १२ सम्मलाई विद्यालय शिक्षा मानिए पनि कक्षा १० को अन्तिममा लिइने परीक्षाको चर्चा बढी हुने गरेको छ । विगतमा कक्षा १० सम्म विद्यालय तहको शिक्षा हुँदा कक्षा १० को अन्तिममा लिइने एसएलसी परीक्षालाई फलामे ढोकाको संज्ञा दिएर विशेष महत्वको रुपमा लिइन्थ्यो । अहिले पनि कक्षा १० को अन्तिममा लिइने माध्यमिक शिक्षा परीक्षा (एसईई)लाई विगतकै एसएलसीजस्तै उच्च चासो र महत्व दिइने गरेको छ । विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालयका साथै शिक्षासँग सम्बन्धित सबैजसो निकायले एसईईलाई धेरै महत्व दिने गरेका छन् । अहिलेको एसईई विगतको एसएलसीकै ढाँचामा उत्तिकै तामझामका साथ सञ्चालन हुने गरेको छ । विद्यार्थीलाई होम सेन्टर नहुने गरी परीक्षा केन्द्र तोक्ने, देशव्यापी एकै समयमा परीक्षा सञ्चालन गर्ने, परीक्षाका सबै प्रक्रियामा उच्च सुरक्षा सतर्कता अपनाउने, सबै उत्तरपुस्तिका केन्द्रिकृत गरी परीक्षण केन्द्रमै बसेर परीक्षण गर्ने र राष्ट्रिय परीक्षा बोर्डले देशव्यापी एकै पटक नतिजा सार्वजनिक गर्ने भएकाले एसईईको चर्चा र चासो बढी हुने गरेको पाइन्छ ।

चालु शैक्षिक सत्र २०८१ को एसईई आज चैत ७ गते बिहीबारदेखि देशभर सुरु हुँदैछ । साधारण धारतर्फको परीक्षा चैत १५ गतेसम्म र प्राविधिक धारतर्फको एसईई चैत १८ गतेसम्म हुनेछ । राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने एसईई परीक्षा विहान ८ बजेबाट सुरु हुनेछ । विद्यालय तह पार हुने परीक्षा अहिले कक्षा १२ को अन्त्यमा लिइने र एसईईलाई राष्ट्रिय स्तरमा सञ्चालन नगर्ने भनिए पनि त्यसो हुन सकेको छैन । नयाँ शिक्षा ऐन तथा नियमावली बन्न नसक्दा विगतको एसएलसीजस्तै अहिलेको एसईई देशव्यापीरुपमा सञ्चालन भइरहेको छ । यस वर्ष देशभर ५ लाख १४ हजार ७१ जना विद्यार्थी एसईईमा सहभागी हुँदैछन् । सहभागी विद्यार्थीमध्ये २ लाख ५७ हजार ७३० छात्रा, २ लाख ५६ हजार ३११ छात्र र ३० जना अन्य विद्यार्थी छन् । ११ हजार २१६ विद्यालयका विद्यार्थी एसईईमा सहभागी हुँदैछन् । सहभागी विद्यार्थीमध्ये १६ हजार ९४७ जना प्राविधिक धारका छन् । देशभर २ हजार ७९ र जापानमा एउटा गरी २ हजार ८० वटा परीक्षा केन्द्र तोकिएका छन् । एसईईका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहायक/सहयोगी कर्मचारी र सुरक्षाकर्मी समेत ७७ हजार ८१७ जना जनशक्ति प्रत्यक्ष परिचालन हुने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

मकवानपुर जिल्लाबाट यस वर्ष ७ हजारभन्दा बढी विद्यार्थीले एसईई दिँदैछन् । जिल्लाबाट नियमित र ग्रेडवृद्धि गरी यस वर्ष ७ हजार ४५६ जना विद्यार्थीले एसईई आवेदन फारम भरेका छन् । ग्रेडवृद्धिका लागि साधारणतर्फ १ हजार ४ सय ९५ र प्राविधिक धारतर्फ ९६ जनाले परीक्षा आवेदन फारम भरेका छन् । यस वर्ष मकवानपुर जिल्लामा २८ वटा परीक्षा केन्द्र कायम गरिएको छ । गत वर्ष जिल्लामा २६ वटा परीक्षा केन्द्र तोकिएको थियो । एसईई परीक्षाको लागि आवश्यक जनशक्ति व्यवस्थापन, परीक्षा केन्द्रहरुमा उत्तरपुस्तिका ढुवानी र परीक्षा केन्द्र नजिकको प्रहरी कार्यालयमा प्रश्नपत्र पुऱ्याइसकिएको छ ।

विद्यार्थी जीवनमा परीक्षाको विशेष महत्व हुन्छ । एउटा कक्षा वा तह पार गर्ने मुख्य आधार परीक्षा भएकाले परीक्षा उत्तीर्ण हुनैपर्ने बाध्यता विद्यार्थीलाई हुन्छ । सामान्यरुपमा हेर्दा एसईईले विद्यार्थीलाई कक्षा १० बाट ११ कक्षामा जान पाउने वा नपाउने निर्णय दिन्छ । तर, कक्षा ११ बाट विद्यार्थीले आफ्नो रुचि र क्षमताअनुसार निश्चित विषय चयन गरेर उच्च शिक्षाको आधारको रुपमा अध्ययन गर्ने भएकाले यसलाई महत्व दिनु स्वभाविक पनि हो । एसईईमा विषयगत बाह्य (सैद्धान्तिक) परीक्षामा ३५ प्रतिशत र आन्तरिक (प्रयोगात्मक) परीक्षामा ४० प्रतिशत अंक ल्याउने विद्यार्थी लेटर ग्रेडिङको आधारमा माथिल्लो कक्षा अध्ययनका लागि योग्य हुने र त्योभन्दा कम अंक ल्याएमा "एनजी" (नट ग्रेडेड) हुँदै पुन: परीक्षा दिनुपर्ने हुन्छ । एक वर्षसम्मको तयारीपछि एसईईमा सहभागी हुँदै गरेका विद्यार्थीले परीक्षा र नतिजालाई दवावको रुपमा नलिई सामान्यरुपमा त्रासमुक्त भएर परीक्षा दिनु उचित हुनेछ । एसईईमा सहभागी विद्यार्थीले शान्त र सहजरुपमा परीक्षा दिँदै उच्च ग्रेडसहितको नतिजाको लागि शुभकामना छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : यान वाहनसँग विशेष सजगता अपनाउँदा राम्रो ।
**वृष** : मनोरञ्जनमा रमाइने समय योग रहेको छ ।
**मिथुन** : आत्मबलले काममा पूर्णता प्राप्त गर्ने समय छ ।
**कर्कट** : ज्ञान र प्रज्ञा बढाउने समय योग रहेको छ ।
**सिंह** : आपसी तालमेल मिलाउँदा कठिनता आइपर्ला ।
**कन्या** : परिश्रमको राम्रै प्रतिफल पाइने समय योग छ ।
**तुला** : आत्मीय प्रेमको अनुभूति हुने समय योग छ ।
**वृश्चिक** : काममा जोस जाँगर बढ्ने समय योग छ ।
**धनु** : कल्पना र भावनामा रमाइने समय योग छ ।
**मकर** : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुनेछ ।
**कुम्भ** : नाम र प्रतिष्ठा कमाइने समय योग रहेको छ ।
**मीन** : आफन्तले नि: स्वार्थ भावले सहयोग गर्नेछन् ।

# सरल एवम् सफल एन्जिला



सुधीर भद्र






हाम्रो घर समाजका प्राय धेरै जसो घरको परिवेशको चित्रण एन्जिलामा गरिएको छ । धेरै घरपरिवारका वालवालिकाहरु अभावमा हुर्किएका हुन्छन । यस्ता परिवेशमा हुर्किएका सबै सफल हुँदैनन । कति त्यहि गाउँघरको चार सिमाना पनि पार नगरी त्यसैमा रमाई जीवन त्याग गर्छन । त्यस मध्येका केहि एन्जिला जस्तो सफल बन्न सक्छन । नेपाली राष्ट्रिय महिला टोली क्याप्टेन एन्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारीत चलचित्र एन्जिलाले २ घण्टा ३० मिनेट दर्शकलाई राम्ररी बाधरेर राख्न सफल भएको छ ।

शुरुको केहि घण्टा लिम्बु परिवेशको चित्रणमा ईलाम वरपरको गाउँ घर समेटिएको छ। गाउँ घरमा हुने सामाजिक गतिविधि संस्कति एवम् कुसँस्कृति सामान्य ढंगले देखाईएको छ । मदिरा पान, बहु विवाह, घरेलु हिंसा आदि कुराहरु समाजमा अझै पनि छन्। त्यसैलाई जस्ताको तस्तै देखाईएको छ । आफ्नो गाउँ घरमा उपलब्ध साधन र श्रोतको भरमा पनि आफ्नो मनमा लागेको ईच्छा पुरा कसरी गर्न सकिन्छ भनेर देखाईएको छ । सानै देखि फुटबल खेल्न धैरे चाहना राख्ने एन्जिला र उनकी दिदीले मोजाको बल बनाएर खेलेको देख्दा अलि पाका मानिसहरुले आफूले पनि सानो बेलामा मोजाको बल बनाएर खेलेको याद आउँछ होला । खेलको ईच्छा भएपछि त्यसको चाहना मेटाउन जुन ठाउँमा पनि अभ्यास गर्न सकिन्छ भन्ने कुरा उनीहरु बालापनमा घर बारीको काम गर्दा, सुन्तला टिप्दा, फर्सी टिप्दा पनि फुटबलको अभ्यास गरेका छन ।

आमाको मायाको एकदम सजिव चित्रण गरिएको छ। घरपरिवारलाई वास्ता नगर्ने बावु भएपनि साना नानी बावुहरुलाई कसरी हुर्काए, हर्काउन के कस्तो समस्या आई पऱ्यो र बच्चाहरुकै खुशीको लागि कस्तो-कस्तो निर्णय लिनु पर्दो रहेछ भनेर देखाईएको छ । घर भाडा तिर्न नसकेर आफूले लगाई रहेको तिलहरी दिएर काखका नानीहरु बोकेर हिँडेको दृष्य एकदम मर्मशपी छ । गाउँ छिमेक र घरपरिवारको दवावमा उनले छोरीलाई फुटबल खेल्ने काम रोक्न भनेका दिए । काखमा लुटपुलिएर आूखामा आूशु राख्दै छोरीले आफूलाई फुटबल खेल्न दिन अनुरोध गरेपछि छोरीको ईच्छाको अगाडी केहि गर्न सक्दिनन्। आफ्नै खतरा मोलेर टाढाको नाता पर्ने बहिनीकोमा फुटबल खेल्नको लागि छोरीलाई काठमाण्डौं पठाउँछिन ।

काठमाण्डौं पुगेपछि एन्जिलाको शहरी संघर्ष शुरु हुन्छ। गाउँबाट फुटबल खेल्न मात्र आएको भनेर उनले त्यत्ति सहानभूति पाउँदिनन् । घरायासी काम कोठा सफा गर्ने, खाना बनाउने, लुगा धुने काममा काठमाण्डौंमा बसेका सानीमाको परिवारलाई सहयोग गर्नु परेको थियो। उनको मनमा फुटबल खेल्ने चाहना मरेको थिएन। आमाले काठमाण्डौं जाने क्रममा हातमा पैसा राखि एउटा सानो मोबाईल किन्नु भनेर दिएका थिए। त्यहि पैसाले एक दिन मोबाईल किन्न जाँदा खेलकुद सामग्री बेच्ने पसल देख्छिन । उनको मनमा उकुस मुकुस्एिर रहेको फुटबल खेल्ने चाहना पुनः प्रस्फुटित हुन्छ । एक दिन मोबाईल किनेर बाँकी रहेको पैसाले जर्सी कट्टु किन्न पुग्छिन र सोही पसलेलाई फुटबल खेल्ने ठाउँ सोध्छिन। उनले शसत्र प्रहरीको हल्चोकको खेल मैदानमा खेल्न पाईने भनेर लग्दिन्छन । शसत्रका प्रहरी निरीक्षकले गाउँबाट आएको सोझी केटी र उनको फुटबल खेल्ने लागाव देखेर एक मौका दिन्छन। उनी आत्तिएर राम्रो खेल दृखाउन सक्दिनन । मन भित्र पिडा बोकेर घर फर्कि रहेको बेला पाहुना बसेको घरबेटीले पनि राम्रो व्यवहार नदेखेपछि उनी त्यो घरबाट बाहिर निस्किन्छिन ।

कहाँ जनो के गर्ने भन्ने केहि थाहा नभएको अवस्थामा काठमाण्डौंको सडक र सडकमा हिड्ने मानिस नै उनको साथी हुन्छ। जुन कामको लागि आमासँग आमाको विश्वास जितेर गाउँबाट काठमाण्डौं आएको हो त्यो पुरा नगरी घर फर्किन मन लागेन । उनी फेरी एक पटक एक मौका माग्न उनै प्रहरी निरीक्षकका जाने निष्कर्षमा पुग्छिन । दोश्रो पटक उनले खुलेर आफ्नो गेम देखाउन पाउँछिन र उनी छनौटमा पनि पर्छिन । आफ्नो मेहनत र आमाको उत्प्रेरणाले गर्दा शुरु भएको उनको खेल यात्रा राष्ट्रिय टिम हुँदै अन्तराष्ट्रिय क्लव सम्म पुग्छ । उनै निरीक्षक उनको गेमबाट प्रभावित भएर एन्जिला शसत्र प्रहरीको जागीरे पनि हुन्छिन।

कहिले रक्सि बेचेर, कहिले चिया बगानमा काम गरेर कहिले बारीमा काम गरेर छोरा-छोरीको खर्च र खुशी पुरा गर्न खटि रहने आमाको रुपमा सृजना सुब्बाको अभिनय अब्बल छ। छोरीलाई उर्जा थप्ने र छोरीको प्रेरणाको श्रोत बनेर उनले राम्रो काम गरेकी छिन। उको अभिनयमा सबैले आफ्नो आमालाई स्मरण गर्छन। जन्म दिने बुवाको रुपमा देखिएका माआत्से गुरुगंले आफ्नो भूमिकामा पूर्ण रुपमा न्याय गरेका छन् । हामीलाई हेर्दा पर्दाको बुवा नभई एन्जिलाको आफ्नै बुवा जस्तो लाग्ने बनाएका छन्। दयाहागं राई बिहिरी रुपमा कडा भए पनि मनले नरम बावुको रुपमा देखिएका छन्। छोरी सफल भए पछि उनालई प्रदान गरिएको प्रमाणपत्र सबैलाई देखाउँदै हिँड्छन् । गाउँघरमा सबैका बा आफ्ना सन्ताको प्रगति देखाउन तल्लिन हुन्छन । उनले सबैका बा को प्रतिनिधित्व गरेका छन्। विजय बराल र बुद्धि तामागले पनि उर्जा थपेका छन ।

एन्जिलाको भूमिकामा रहेका स्वयं एन्जिालाको पनि दमदार अभिनय रहेको छ। काठमाण्डौंमा बस्ता शुरुवाती दिनहरुको सघर्षले सबैको मन छुन्छ । थोरै पैसाले पुरा महिना टार्नु पर्ने अवस्थामा बस भाडा र खाजा खर्चको मिलाउन कठिन अवस्थामा पनि दैनिक अभ्यास गर्ने हुटहुटी । एउटै सानो कोठामा बसेर खेल अभ्यास गर्नु पर्ने, जीवन खर्चको लागि दैनिक ज्याला मजदुरी देखि रेष्टुरेन्टमा वेटर काम गर्नु पर्ने, दशैंमा सबैजना घर जादा आफैं एक्लै आमा सम्झेर बस्नु पर्ने जस्ता दृष्यहरुले सबैलाई भावुक बनाउँछ ।

निर्देशक मिलन चाम्सले पनि राम्रो अध्ययन गरेर चलचित्र बनाएका छन् । व्याकराउण्ड म्युजिक, दृष्य, पोषाक एवम् सम्वादहरुको सहि समिश्रण गरेका छन् । शुरुवाती खेल अभ्यासको क्रममा रकम अभावको कारण पोषिलो डाईट खान पनि कठिन भएको अवस्था पार गरेकी चेली अहिले राष्ट्रिय टिम डोऱ्याउँदै छिन । सरल एवम् सफल एन्जिलाको बाँकी खेल जिवन अझ प्रगतिमय होस भन्ने शुभकामना ।

sudhirshrestha.htd@gmail.com

# एनजिओमा करियर बनाउनेहरुको उथलपुथल



पदम भण्डारी

विश्वभरि विकासशील देशहरूमा गैरसरकारी संस्था (एनजिओ) हरूले सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा महत्ववपूर्ण भूमिका खेलेका छन् । नेपालजस्तो सरकारी संस्थाको पहुँच सीमित भएको देशमा एनजिओले शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, गरिबी निवारण र आपत्कालीन सहयोगजस्ता क्षेत्रमा अत्यन्त महत्ववपूर्ण योगदान दिएका छन् । तर, हालै युएसएड र अन्य अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले आर्थिक सहयोगमा कटौती गरेपछि नेपालमा हजारौँ एनजिओ बन्द भएका छन् । यसले संस्थाको अस्तित्वमा संकट उत्पन्न मात्र गरेको छैन, हजारौँ कर्मचारी बेरोजगार भएका छन् र उनीहरू अब निराश र योजनाहीन अवस्थामा छन् । यसले नेपाली समाजमा गम्भीर सामाजिक, आर्थिक र मनोवैज्ञानिक प्रभाव पारेको छ ।

युएसएड र अन्य अन्तर्राष्ट्रिय दातृ संस्थाहरू जस्तै– युकेएड, नेदरल्यान्ड्स विकास नियोग, जर्मन विकास सहयोग, संयुक्त राष्ट्रसंघ, विश्व बैंक, एसियाली विकास बैंकले नेपालजस्ता विकासशील देशहरूमा विकासका विभिन्न क्षेत्रमा ठूलो मात्रामा आर्थिक सहयोग प्रदान गरेका छन् । यी संस्थाहरूले गरिबी निवारण, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता र आर्थिक विकासजस्ता क्षेत्रहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याएका छन्। नेपालमा धेरै एनजिओ यी दातृ संस्थाहरूबाट प्राप्त अनुदानमा निर्भर छन् ।

युएसएड र अन्य दातृ संस्थाहरूले आफ्नो नीतिमा परिवर्तन गरेर नेपालमा आर्थिक सहयोगमा कटौती गरेका छन् । यसको मुख्य कारण अन्तर्राष्ट्रिय स्तरमा आर्थिक मन्दी, दातृ राष्ट्रको आन्तरिक राजनीति र विकास सहयोगका प्राथमिकतामा परिवर्तन हुन् । सन् १९८९ मा बर्लिन पर्खाल भत्काएर पूर्वी जर्मनी र पश्चिम जर्मनी एक हुनु, सन् १९९० मा सोभियत संघ विघटन हुनुले विश्वमा शीतयुद्ध समाप्त भएपछि विश्वको ध्यान विकासतर्फ मोडिएको थियो । अहिले झन्डै ३० वर्षपछि विकसित देशको बजेट रक्षा क्षेत्रमा खर्च गर्नुपर्ने भएकाले विकास बजेट संकुचन हुन पग्यो, जसले गर्दा धेरै दातृ निकायले विकास बजेट कटौती गरे। यसले गर्दा नेपालमा काम गर्ने धेरै एनजिओ आफ्ना कार्यक्रम जारी राख्न असमर्थ भएका छन्। युएसएड व्यावहारिक रूपमा समाप्त भएको छ, हजारौँ मानिसले आफ्नो जागिर गुमाइरहेका छन् र विश्वभरि लाखौँ जीवन बचाउने सहायता गुमाउने जोखिममा छन्।

धेरै एनजिओ आफ्ना कार्यक्रम सञ्चालन गर्न दातृ संस्थाहरूमा मात्र निर्भर छन् । उनीहरूसँग आफ्नै आर्थिक स्रोत विकास गर्ने क्षमताको अभाव छ । नेपालको गैरसरकारी संस्था सञ्चालन ऐन, २०३४ ले पनि एनजिओ गैर-नाफामूलक संस्था भएकाले व्यवसाय गरेर अर्थोपार्जन गर्न नपाउने भनेको छ। यसले गर्दा दातृ संस्थाहरूले सहयोग रोक्नासाथ उनीहरू बन्द हुने अवस्थामा पुगेका हुन् ।

नेपाल सरकारले पनि एनजिओको कार्यप्रणालीमा कडा नीति लागू गरेको छ । यसले गर्दा धेरै एनजिओले आफ्ना कार्यक्रम सञ्चालन गर्न गाह्रो महसुस गरेका छन् । सरकारले एनजिओमा पारदर्शिता र जवाफदेहिता बढाउने नाममा धेरै नयाँ नियम लागू गरेको छ, जसले गर्दा संस्थाका लागि कार्यक्रम सञ्चालन गर्न झन् जटिल बनाएको छ ।

अहिले धेरै एनजिओका कार्यक्रम बन्द भएका कारण बेरोजगारी वृद्धि भएको छ। एनजिओ बन्द हुनुको सबैभन्दा ठूलो प्रभाव भनेको बेरोजगारीमा वृद्धि हो । हजारौँ कर्मचारीले आफ्नो रोजगारी गुमाएका छन् । उनीहरूले आफ्नो जीविकोपार्जनका लागि अर्को विकल्प खोज्न गाह्रो महसुस गरिरहेका छन् ।

एनजिओले नेपालमा शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण र गरिबी निवारणजस्ता क्षेत्रमा महत्ववपूर्ण भूमिका खेलेका छन् । यी संस्था बन्द हुँदा यी सेवामा ठूलो कमी आएको महसुस हुन थालेको छ । विशेष गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिस यी सेवाबाट वञ्चित भएका छन्। एनजिओले नेपाली अर्थतन्त्रमा पनि ठूलो योगदान दिएका छन्। स्थानीय स्तरमा रोजगारी सिर्जना गरेका छन् र स्थानीय बजारलाई सहयोग पुऱ्याएका छन् । एनजिओ बन्द हुँदा स्थानीय अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ ।

तिनीहरूले तिर्ने करले राज्यको ढुकुटीमा ठूलो योगदान गरेको थियो । एनजिओले सञ्चालन गर्ने सेवाले राज्यको अर्थतन्त्रमा योगदान पुऱ्याएको छ । उदाहरणका लागि, एनजिओले होटल, रेस्टुराँ सञ्चालन, हवाईजहाजको प्रयोग, ट्याक्सीको उपयोग आदि विभिन्न उद्योगसँग सम्बन्धित गतिविधि गरेर केवल सेवा प्रदान गरेको मात्र हैन, त्यससँगै करको माध्यमबाट सरकारलाई राजस्व पनि प्रदान गर्छन् ।

एनजिओले आफ्ना कार्यक्रम सञ्चालन गर्न दातृ संस्थाहरूमा निर्भर हुनुको सट्टा आत्मनिर्भर बन्ने प्रयास गर्नुपर्छ । उनीहरूले स्थानीय स्रोतबाट आर्थिक सहयोग जुटाउने, सामाजिक उद्यम स्थापना गर्ने र दिगो वित्तीय मोडेल विकास गर्ने जस्ता उपाय अवलम्बन गर्न सक्छन् । नेपाल सरकारले एनजिओको कार्यप्रणालीलाई सहज बनाउने नीति लागू गर्नुपर्छ। सरकारले यी संस्थालाई आर्थिक सहयोग प्रदान गर्ने, उनीहरूको क्षमता विकास गर्ने र उनीहरूले सामाजिक सेवा

...बाँकी पृष्ठ ३ मा

# उच्च शिक्षाका लागि ४ सय ९५ छात्रालाई छात्रवृत्ति

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ मा उच्च शिक्षा अध्ययनका लागि ४ सय ९५ छात्रालाई छात्रवृत्ति प्रदान गरेको छ। स्नातक प्रथम वर्ष र स्नातकोत्तर तह प्रथम वर्षमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको शिक्षा विकास निर्देशनालय बागमतीका महानिर्देशक खुबिराम अधिकारीले जानकारी दिनुभयो ।

उच्च शिक्षा अध्ययनमा सहयोग पुगोस् भन्ने उद्देश्यले क्रमागत एक सय ८१ र नियमित ३ सय १४ छात्रालाई छात्रवृत्ति प्रदान गरिएको उहाँको भनाइ छ । स्नातक तह प्रथम वर्ष अध्ययन गर्नेलाई १० हजार र स्नातकोत्तर प्रथम वर्ष अध्ययन गर्ने छात्रालाई १५ हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिएको महानिर्देशक अधिकारीले बताउनुभयो। यसैगरी, आर्थिक वर्ष २०७९/८० मा नियमित ३ सय ९० छात्रालाई छात्रवृत्ति प्रदान गरिएको उहाँले बताउनुभयो । आर्थिक वर्ष २०८१/८२ मा सूचना प्रकाशन भई निवेदन माग गरेको छ। सूचना प्रकाशन गरेर सम्बन्धित क्याम्पसलाई जानकारी गराउँदा पनि आवेदन दिनेको संख्या न्यून हुँदा छात्रवृत्ति पाउने छात्राको संख्या कम देखिएको महानिर्देशक अधिकारीको भनाइ छ ।

बागमती प्रदेशभित्रका सामुदायिक क्याम्पसमा अध्ययनरत् छात्रालाई लक्षित गरेर आर्थिक वर्ष २०७६/०७७ देखि छोरी/बुहारी छात्रवृत्ति कार्यक्रम ल्याइएको थियो । तर, कार्यक्रम प्रभावकारी बन्न नसकेपछि अहिले बागमती प्रदेश सरकारले उक्त कार्यक्रमलाई छात्रा छात्रवृत्ति कार्यक्रम नामाकरण गरेको छ। कार्यक्रम सुरु भएपछि कति बजेट विनियोजन भएर खर्च भयो त्यसको तथ्यांक निर्देशनालयमा उपलब्ध छैन ।

# २५ जना विद्यार्थीलाई खाद्यान्न सामग्री सहयोग

समाज संवाददाता

हेटौंडाः सिमान्तकृत समुदायको शिक्षा तथा नेतृत्व विकास कार्यक्रम अन्तर्गत सिमान्तकृत विद्यार्थीहरुलाई खाद्यान्न सामग्री सहयोग भएको छ । बुधबार मकवानपुरको मनहरी गाउँपालिका-३, सिद्धकालीमा रहेको प्रजा आधारभूत विद्यालका २५ जना विद्यार्थीलाई खाद्यान्न सामग्री सहयोग गरिएको विद्यालयका प्रधानध्यापक तुलबहादुर सुनारले जानकारी दिनुभयो ।

कोर इन्टरनेशनल संस्थाको सहयोग तथा हिमराइटस् मकवानपुरले २०७४ सालदेखि निरन्तर सहयोग गर्दै आएको छ। संस्थाले २५ जना विद्यार्थीको भर्ना, पोशाक, शैक्षिक सामग्री र प्रत्येक ४ महिना खाद्यान्न सामग्री वितरण गर्दै आएको छ। चामल, दाल, तेल, नुन, साबुनलगायत सामग्री प्रदान गर्ने गरिएको छ। संस्थाले सहयोग गरेको २५ जना विद्यार्थीलाई १२ कक्षासम्म पढाउने प्रधानाध्यापक सुनारले जानकारी दिनुभयो ।

विद्यालयमा हाल कक्षा १ देखि ७ सम्मको वार्षिक परीक्षा सञ्चालन भईरहेको छ । परीक्षा चैत १२ गते सकिनेछ। कक्षा ८ (आधारभूत तह) को परीक्षा आज बिहीबारबाट सुरु हुनेछ । यस वर्ष कक्षा ८ को परीक्षा दिने २१ जना विद्यार्थी रहेका छन् ।

# प्रदेश होटल व्यवसायी संघको अधिवेशन सम्पन्न

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश होटल व्यवसायी संघको पाँचौ साधारणसभा तथा तेस्रो अधिवेशन सम्पन्न भएको छ। शनिबार दोलखा जिल्लामा सम्पन्न भएको अधिवेशनले नयाँ नेतृत्व चयन गरेको छ।

अधिवेशनबाट मकवानपुर होटल व्यवसायी संघका सल्लाहकार निप्पु सर्राफ उपाध्यक्षमा निर्वाचित हुनुभएको छ। मकवानपुर होटल व्यवसायी संघका महासचिव हरिगोपाल सापकोटा सचिवमा सर्वसम्मत चयन हुनुभएको छ ।

संघको अध्यक्षमा काठमाडौंका दामोदर नेपाललाई सर्वसम्मत चयन गरेको छ। नेपाल यसअघि पनि अध्यक्ष हुनुहुन्थ्यो। यस्तै, कोषाध्यक्षमा नुवाकोटका बिनोद लामिछाने चयन हुनुभएको सचिव सापकोटाले जानकारी दिनुभयो। निर्वाचित पदाधिकारीको कार्यकाल २ वर्ष रहनेछ। कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्य थियो।

# *एनजिओमा...*

प्रदान गर्न सकून् भन्ने वातावरण सिर्जना गर्नुपर्छ । एनजिओलाई दातृ निकायमा मात्र भर पर्नुको साटो व्यवसाय गर्न सहजीकरण गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले पनि नेपालमा काम गर्ने एनजिओप्रति आफ्नो सहयोग जारी राख्नुपर्छ । उनीहरूले एनजिओको क्षमता विकासमा लगानी गर्ने, उनीहरूलाई दिगो बनाउने र उनीहरूले आफ्ना कार्यक्रम सञ्चालन गर्न सकून् भन्ने वातावरण सिर्जना गर्नुपर्छ। त्यसैगरी स्थानीय समुदायलाई एनजिओका कार्यक्रममा सहभागी बनाउनुपर्छ। यसले गर्दा समुदायले आफ्नो विकासमा सक्रिय भूमिका खेल्न सक्छ र एनजिओलाई पनि आफ्ना कार्यक्रम सञ्चालन गर्न सजिलो हुन्छ ।

युएसएड र अन्य दातृ संस्थाहरूले आर्थिक सहयोगमा कटौती गरेपछि नेपालमा हजारौं एनजिओ बन्द भएका छन्। यसले गर्दा धेरै कर्मचारी बेरोजगार भएका छन् र उनीहरु अब निराश र योजनाहीन अवस्थामा छन् । यसले नेपाली समाजमा गम्भीर सामाजिक, आर्थिक र मनोवैज्ञानिक प्रभाव पारेको छ । यो समस्याको समाधानका लागि एनजिओहरूले आत्मनिर्भर बन्ने, सरकारले सहयोग पुऱ्याउने, अन्तर्राष्ट्रिय दातृ संस्थाले सहयोग जारी राख्ने र स्थानीय समुदायलाई सहभागी बनाउने जस्ता उपाय अवलम्बन गर्नुपर्छ । यसरी मात्र हामी एनजिओको अस्तित्वलाई बचाउन सक्छौं र उनीहरूले प्रदान गर्ने सामाजिक सेवालाई जारी राख्न सक्छौं ।

आफ्नो एनजिओको जागिर गुमाउनुपरेको अवस्थामा अब के गर्ने ? भन्ने प्रश्नले धेरैलाई सताएको छ। आफूले नियन्त्रण गर्न सक्ने कुरामा ध्यान दिनु जरुरी छ र नसक्ने कुरामा चिन्ता गरेर डिप्रेसनको सिकार हुने होइन । त्यसैले यसलाई एक अवसरको रूपमा प्रयोग गर्न सक्नुपर्छ, सकारात्मक अवसरका रूपमा लिनुपर्छ। परिवर्तन सामान्य नियम हो। विकासको क्षेत्रमा सधैं परिवर्तन भइरहन्छ। एनजिओमा काम गर्ने कर्मचारीले अस्पष्टतामा बस्ने क्षमता राख्न सक्नुपर्छ, असुविधामा पनि बाँच्न सिक्नुपर्छ ।

एनजिओमा काम गरेका कर्मचारी आफूलाई निजी क्षेत्रमा प्रवेश गर्न कोसिस गर्दै छन् भने एनजिओको शब्दावली परिवर्तन गरी गैर-नाफामुखी मानसिकताको केही भाग हटाउनु जरुरी छ। एनजिओमा बोल्ने भाषा र निजी क्षेत्रमा बोल्ने, सोच्ने भाषा र शैली एकदम फरक छ। यो पूर्ण रुपमा फरक संसार हो र उद्देश्य पूर्ण रुपमा फरक छ । आफूले गरिआएको गैर-नाफामुखी काम र आफ्नो गैर-व्यावसायिक व्यवहारलाई निजी व्यवसाय र नाफामा कसरी अनुवाद गर्न सकिन्छ, महत्ववपूर्ण कुरा हो ।

यो सुरुमा अलि अनौठो लाग्न सक्छ। एनजिओमा काम गर्नेहरूको नाफाका लागि मात्र काम गर्ने बानी छैन। यसलाई अझ आशावादी वा सकारात्मक तरिकाले सोच्नका लागि आम्दानी प्रवाहका बारेमा रचनात्मक बन्ने र आफ्नो कामलाई आर्थिक मापन गर्न सकिने गरी उद्यम सञ्चालन गर्नु जरुरी छ। वर्षौंसम्म अँध्यारो क्षणका बारेमा अरूलाई सबैभन्दा आशावादी बनाउनेले आफ्नो लागि पुनरुत्थान गर्न र दातृ निकायमा कम निर्भर नागरिक बन्न समाजलाई एक प्रकारको प्रेरणाको स्रोत बन्नु जरुरी छ।

संसार परिवर्तनशील छ, संसार निरन्तर परिवर्तन हुन्छ र यो यसको साथमा विकसित हुने एनजिओकर्मीको लागि अवसर पनि हो। एनजिओकर्मीहरुलाई सुझाव छ, 'तपाईं फेरि परिवर्तन गर्न सक्नुहुन्छ ।' यस क्षणमा सेवानिवृत्त नभएसम्म एनजिओकर्मीहरूले आफ्नो करियर समाधानका विविध प्रयास गर्नुपर्छ । वास्तवमा मान्छे जुन दिशामा जानु खोज्छ, जुन समाजमा रहन चाहन्छ त्यो सधैं चाहेजस्तो, सोचेजस्तो नहुन सक्छ । त्यसैले विगतबाट पाठ सिकेर एक कदम पछाडि फर्केर दुई कदम अगाडि पाइला चाल्ने प्रयत्न गर्नुपर्छ ।

जब आफूसँग अर्को विकल्पका बारेमा स्पष्ट विचार छैन भने आफ्नो भविष्यका बारेमा अनिश्चित महसुस हुनु र करियर परिवर्तनको अवस्थामा चुनौतीजस्तो महसुस हुनु स्वाभाविक छ, जसले आफूलाई आत्मविश्वासका साथ अगाडि बढ्न कोसिस गर्छ। जीवनको बाटो परिवर्तन हुँदा विचलित नभई अनिश्चित भविष्यलाई सुनिश्चित बनाउन कोसिस गर्छ र जीवनमा उसैको पोल्टामा सफलता पर्छ। एनजिओमा काम गर्नेहरूको नियन्त्रणमा अझै धेरै कुरा छन् । आफ्नो ज्ञान र सीप नयाँ क्षेत्रमा कसरी रूपान्तरण गर्ने भन्ने कुरामा चिन्तन गर्नु आवश्यक छ। *(स्रोतः कारोबारदैनिक)*

# केन्द्रिकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली सुरु

समाज संवाददाता

हेटौंडाः चैत १ गते शुक्रबारबाट जिल्ला प्रशासन कार्यालय मकवानपुरले केन्द्रिकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली सुरु गरेको छ। वडाले वडाबासीको नागरिकता अनलाइनबाट नै सिफारिस पेश गर्ने गरी उक्त प्रणाली सुरु गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरका सूचना अधिकारी राजेन्द्रप्रसाद कँडेलले जानकारी दिनुभयो ।

केन्द्रिकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली सुरु भएसँगै अब मकवानपुरका बासिन्दा नागरिकताको सिफारिसपत्र बोकेर जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भएको उहाँको भनाइ छ। यसअघि विकट राक्सिराङ र कैलाश गाउँपालिकादेखि सेवाग्राही सेवा लिन जिल्ला प्रशासन कार्यालय मकवानपुर धाउन बाध्य थिए ।

वडाले नागरिकताको सिफारिसपत्र उक्त प्रणालीमा पेश गरेसँगै जिल्ला प्रशासन कार्यालय मकवानपुरले अध्ययन गरेरमात्र नागरिकता उपलब्ध गराउने व्यवस्था गरेको छ । जसले गर्दा वडाले कुन-कुन मितिमा सिफारिस गऱ्यो भन्ने यकिन तथ्यांक राख्न सहज भएको सूचना अधिकारी कँडेलले बताउनुभयो । कार्यालयमा नागरिकता लिनेको संख्याको चापलाई मध्यनजर गरेर उक्त प्रणाली सुरु गरेको उहाँको भनाइ छ ।

# वित्तीय साक्षरता सम्पन्न

समाज संवाददाता

हेटौंडा : हेटौंडा-२, बुद्धचोकस्थित ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । सहकारीको शिक्षा उपसमिति संयोजक प्रभाकर पुडासैनीको सभाध्यक्षतामा हेटौंडा-११, थानाभऱ्याङस्थित सामुदायिक प्रहरी सेवा केन्द्रको हलमा एकदिने वित्तीय साक्षरता कार्यक्रम भएको हो ।

कार्यक्रम वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यमा भएको हो। कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष देवकुमार श्रेष्ठ, भैरवकुञ्ज टोल विकास संस्थाका अध्यक्ष मेगनाथ रेग्मी, डुम्सीडाँडा टोल विकास संस्थाका अध्यक्ष शिव अगस्ती, सिमलटार टोल विकास संस्थाका सचिव दिलमाया रुम्बा, संस्थाका लेखा सुवरीवेक्षण समिति संयोजक पूर्णप्रसाद पुडासैनी, कोषाध्यक्ष राजेन्द्र पुडासैनीको पनि उपस्थिति रहेको थियो। ६६ जना शेयर सदस्य तथा गैरसदस्यको उपस्थिति रहेको वित्तीय साक्षरता कार्यक्रमको सहजीकरण राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाका प्रमुख रामेश्वर अर्यालले गर्नुभएको थियो ।

# सिद्धार्थ ल क्याम्पस प्रमुखका लागि ७ जनाको आवेदन




समाज संवाददाता

हेटौंडा : हेटौंडा-२ स्थित सिद्धार्थ ल क्याम्पस प्रमुखका लागि ७ जनाले आवेदन दिएका छन्। क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिको सोमबार बसेको बैठकले आवेदन दिने ७ जनाको नाम सार्वजनिक गर्ने निर्णय गरेको हो ।

क्याम्पस प्रमुख हुनका लागि हेटौँडा-२ का माधवप्रसाद गुनी, हेटौँडा-५ का भीमप्रसाद फुयाँल, हेटौँडा-१० का बिशभ अधिकारी, हेटौंडा-१२ का सन्तोषकुमार तामाङ, हेटौंडा-१४ की शान्तिमाया मुक्तान, हेटौंडा-१९ का जयराम सुवेदी र मकवानपुरगढी गाउँपालिकाका राजु गौतम छन् ।

सिद्धार्थ ल क्याम्पस नियमावली विपरित क्याम्पस प्रमुख सिफारिस समितिले आफैं कार्यविधि स्वीकृत गरी क्याम्पस प्रमुख छनोटका लागि दरखास्ता आव्हान गरेको हो। क्याम्पस सञ्चालनका लागि आवश्यक कार्यविधि क्याम्पस सभाले पारित गर्नुपर्नेमा समितिले नै पारित गर्ने गरी जिम्मेवारी दिने निर्णय भएको देखिन्छ।

नगरप्रमुख अध्यक्ष, उपप्रमुख उपाध्यक्ष रहने क्याम्पस सभाले अनुमोदन गर्नुपर्ने कार्यविधि नगर प्रमुख अध्यक्ष तथा उपप्रमुख उपाध्यक्ष रहने क्याम्पस सञ्चालक समितिले कानून विपरित समितिलाई जिम्मेवारी दिएको छ । यता समितिले पनि सूचना सार्वजनिक रुपमा पत्रिकामा प्रकाशन नगरी उपमहानगरपालिकाको वेभसाइट र फेसबुक पेजमा मात्रै सार्वजनिक गरेको छ ।

क्याम्पस प्रमुखका लागि दरखास्त आव्हान गरिएको सूचना वेभसाइट र फेसबुकमा मात्रै सीमित भएका कारण हेटौंडा उपमहानगरभित्रका व्यक्तिले मात्रै आवेदन दिएका छन्। क्याम्पस प्रमुखका लागि आव्हान गरिएको सूचनामा उमेर हद पनि अस्वभाविक छ। विश्वविद्यालय तहमा प्राध्यापनको उमेर हद ६३ भए पनि समितिले आवेदक ३० वर्ष पूरा भएर ५५ वर्ष ननाघेको हुनुपर्ने उल्लेख गरेको छ ।

## माइग्रेसन हराएको सूचना

**हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सबाट २०७७ सालमा दश जोड दुई (10+2) तह उत्तीर्ण गरी राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको माइग्रेसन सर्टिफिकेट आयूष झा (रजिष्ट्रेशन नम्बर ७६३१०३१८६, सिम्बोल नम्बर २३१०१५८८) को मिति २०८१ साल फाल्गुन २५ गतेका दिन हेटौंडा बजारबाट (हेटौंडा–९, मिलनचोक) घर जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।**

**सम्पर्कः ९८२१८१७५३५**

50% DISCOUNT OFFER
AFTER SEE
देशको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गर्दै
Bridge Course
Course Fee= ~~25,000/-~~ → 12,500/-
- Science Bridge Course
- Nursing
- HA, Radiology
- Civil, Lab, Pharmacy
- JTA, Veterinary

Book/Uniform FREE

For Basic Computer Course Fee ~~6,000/-~~ → 3,000/-



NAME INSTITUTE CONSULTANCY
2nd Floor, RB Complex School Road, Hetauda-4
057-524117, 9855024117, 9801424117

## क्यान्टिन संचालनका लागि टेन्डरको सूचना

**ज्ञानोदय बालबाटिका एकेडेमी संगम चोक, हेटौंडाको लागि मिति २०८२/०१/०१ बाट क्यान्टिन संचालन गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य व्यक्ति, फर्म या संस्थाबाट शिलबन्दी दरभाउ पत्र (टेन्डर) आव्हान गरिएको छ ।**

**सेवा तथा शर्तहरू :**
१. निवेदकले व्यापारिक वैध इजाजत पत्र पेश गर्नुपर्ने छ ।
२. क्यान्टिन संचालनका लागि सरसफाई र गुणस्तरीय खाद्यपदार्थ उचित र सुपथ मूल्यमा उपलब्ध गराउन प्रतिबद्ध रहनुपर्ने छ ।
३. टेन्डर आवेदन मिति २०८१/१२/१५ गतेसम्म दिई सक्नुपर्ने छ ।
४. अन्य शर्तहरु विद्यालयसँगको समझदारी अनुसार हुनेछ ।

**थप जानकारीका लागिः**
फोन नं. : ९८६१७२०९५४, ०५७–५२१७९० वा इमेल
gyanodaya790@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**ज्ञानोदय बालबाटिका एकेडेमी**
**हेटौंडा–२, संगमचोक**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# राष्ट्रिय हक्की प्रतियोगिता आजबाट

समाज संवाददाता

हेटौंडाः हेटौंडामा राष्ट्रिय हक्की प्रतियोगिता आजबाट सुरु हुने भएको छ। आज बिहीबारबाट सुरु हुने प्रतियोगिता शनिबारसम्म सञ्चालन हुनेछ ।

बुधबार हेटौंडा-४ स्थित हुप्रचौरमा पत्रकार सम्मेलन गर्दै मकवानपुर जिल्ला हक्की संघका अध्यक्ष मनोज शर्माले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी गराउनुभएको छ । दोस्रो संस्करणको अन्तरनगरपालिका हेटौंडा कप राष्ट्रिय हक्की प्रतियोगिता हेटौंडा-४ स्थित हुप्रचौरमा सञ्चालन हुने अध्यक्ष शर्माले बताउनुभयो ।

बागमती प्रदेश खेलकुद विकास परिषद् र हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा सञ्चालन हुने प्रतियोगितामा सहप्रायोजकका रुपमा हेटौंडा-१० स्थित तुल्सीमेहर बोर्डिङ र नारायणी कलेज र हने उहाँले बताउनुभयो । ५ 'ए' साइडमा प्रतियोगिता सञ्चालन हुनेछ। प्रतियोगिता पुरुषतर्फ ९ वटा टिम र महिलातर्फ ४ वटा टिमको सहभागिता रहने उहाँले बताउनुभयो। प्रतियोगिताका लागि नेपाल हक्की संघ केन्द्रीय समितिले प्राविधिक सहयोग गर्नेछ । प्रतियोगितामा विभिन्न जिल्लाका पालिकाहरुको टिमको सहभागिता रहनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार र उपविजेताले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। तृतीय हुने टिमले १० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। गत वर्ष सम्पन्न भएको प्रतियोगितामा ८ वटा टिमको सहभागिता रहेको थियो। गत वर्ष हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सम्पन्न भएको प्रतियोगिताको उपाधि भीमदत्त नगरपालिकाले जितेको थियो। प्रतियोगिता लिग प्रणालीमा सञ्चालन हुनेछ ।

# जनप्रतिनिधिको काम प्रभावकारी नहुँदा नागरिकमा वितृष्णा : मुख्यमन्त्री लामा



समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले जनप्रतिनिधिको काम प्रभावकारी नहुँदा नागरिकमा नैराश्यता पैदा भएको बताउनुभएको छ। उहाँले योजना छनौट, बजेट कार्यक्रम कार्यान्वयन र विकास निर्माणको काम सही ढंगबाट हुन नसक्दा नागरिकहरुमा वितृष्णा पैदा भएको उहाँले बताउनुभयो ।

हेटौंडामा बुधबार आयोजित एक कार्यक्रममा आयोजना बैंक व्यवस्थापन तथा कार्यआरम्भ उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री लामाले योजना छनौट तथा बजेट विनियोजन व्यवस्थित नहुँदा विकास निर्माणको काम अस्तव्यस्त हुन पुगेको बताउनुभयो । उहाँले बजेट कार्यक्रमको त्रुटिलाई प्रविधिमार्फत् व्यवस्थापन गर्न आयोजना बैंक निर्माण तथा संचालनमा सरकारले प्राथमिकताका साथ काम गरेको बताउनुभयो। प्रदेश सरकारको बजेट कार्यक्रममा नागरिकको सहभागिता बढाउन आयोजना बैंक संचालन गरिएको उहाँको भनाई छ । आयोजना बैंकले सरकारको बजेट विनियोजनलाई व्यवस्थित गर्नुको साथै योजनालाई अद्यावधिक गर्ने भएकाले कार्य सहजता हुने मुख्यमन्त्री लामाले दावी गर्नुभयो ।

सुशासन र पारदर्शीताको सवालमा महत्वपूर्ण उपलब्धी हासिल हुने भएकाले आयोजना बैंक कार्यान्वयन गर्नु सरकारको प्राथमिकताको विषय बनेको उहाँले बताउनुभयो। स्थानीय तहको समन्वयमा प्रदेशको ६६ वटा निर्वाचन क्षेत्रमा विशेष कार्यक्रम संचालन गर्नेगरी अघि बढ्न जरुरी रहेको मुख्यमन्त्री लामाको भनाई छ।

# प्रदेश खेलकुद विकास परिषद् कार्यालय प्रमुखको सरुवा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषद्को कार्यालय प्रमुख बद्रीबहादुर पाठकको सरुवा भएको छ । गत सोमबार खेलकुद विकास परिषद्का कार्यालय प्रमुख पाठकको सरुवा भएको हो ।

प्रदेश खेलकुद विकास परिषद्बाट पाठकको शिक्षा मन्त्रालयमा सरुवा भएको सूचना अधिकारी दुर्गाप्रसाद दुलालले जानकारी दिनुभएको छ। गत भदौ ६ गते बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालयबाट उहाँले प्रदेश खेलकुद विकास परिषद्को कार्यालय प्रमुखको जिम्मेवारी पाउनुभएको थियो । कार्यालय प्रमुखको जिम्मेवारी पाउनुभएको ७ महिनाकै अवधिमा उहाँको सरुवा भएको सूचना अधिकारी दुलालले बताउनुभयो। खेलकुद विकासको परिषद्को कार्यालय प्रमुखको रुपमा को आउने भन्ने टुंगो नलागेको उहाँले बताउनुभयो।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## आजबाट एसईई सुरु हुँदै

# मकवानपुरमा ९ जना कैदीबन्दीले परीक्षा दिँदै



*यस वर्ष एसईईमा सहभागी हुने हेटौंडा-१ स्थित अमर माविका विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडा : आज चैत ७ गते बिहीबार देखि माध्यमिक शिक्षा परीक्षा (एसईई) सुरु हुँदैछ। एसईईका लागि मकवानपुर जिल्लामा २८ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ। परीक्षा सञ्चालनका लागि २८ जना केन्द्राध्यक्ष, ५१ जना सहायक केन्द्राध्यक्ष, ३७४ निरीक्षक, ७६ परीक्षा सहायक, १५० कार्यालय सहयोगी, ४२० जना सुरक्षाकर्मी खटिने शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ । आज पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुँदैछ। परीक्षा बिहान ८ बजे सुरु भएर ११ बजे सकिनेछ ।

यस वर्ष मकवानपुर जिल्लाबाट एसईईमा सहभागी हुन नियमिततर्फ ५ हजार ८ सय ६५ जना विद्यार्थीले परीक्षा फारम भरेका छन् भने ग्रेडवृद्धितर्फ १ हजार ५ सय ९१ जना विद्यार्थीले परीक्षा फारम भरेका शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले जानकारी दिनुभएको छ । मकवानपुर जिल्लाका सामुदायिक र संस्थागत गरी १ सय ३९ वटा विद्यालयबाट एसईईमा विद्यार्थी सहभागी हुँदैछन् ।

मकवानपुरमा गत वर्ष २६ वटामात्रै परीक्षा केन्द्र तोकिएको थियो। परीक्षार्थीको सुविधालाई मध्यनजर गर्दै कैलाश गाउँपालिकाको नामटारस्थित कालिका माध्यमिक विद्यालय र हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयमा परीक्षा केन्द्र थप गरिएको प्रमुख गिरीले जानकारी दिनुभयो । यस वर्ष प्राविधिक धारतर्फको परीक्षा श्रमिक माविमा हुनेछ।

कैलाश गाउँपालिकामा पनि परीक्षा केन्द्र निर्धारण गरिएपछि मकवानपुरका १० वटै पालिकामा परीक्षा केन्द्र कायम भएको छ। यसअघि गत वर्षको एसईईमा राक्सिराङ गाउँपालिकामा पनि परीक्षा केन्द्र निर्धारण गरिएको थियो। यस्तै यस वर्षको एसईईमा भीमफेदी कारागारमा ७ जना र हेटौंडास्थित बालसुधारगृहमा २ जना परीक्षार्थी छन् । यस वर्ष सबैभन्दा बढी आधुनिक राष्ट्रिय माविबाट ३९९ जना विद्यार्थीले एसईईमा सहभागी हुन परीक्षा फारम भरेका छन् । आधुनिक राष्ट्रिय माविका विद्यार्थीले हेटौंडा-५ स्थित बालज्योति मावि परीक्षा केन्द्रमा परीक्षा दिनेछन् ।

यस वर्षको एसईईमा बागमती प्रदेशबाट एक लाख ८ हजारभन्दा बढी विद्यार्थीहरु सहभागी हुने भएका छन् । प्रदेशको सामाजिक विकास मन्त्रालयका अनुसार प्रदेशका १३ जिल्लाबाट नियमित तथा ग्रेडबृद्धि गरी एक लाख ८ हजार २६५ जना विद्यार्थी एसईईमा सहभागी हुँने भएका हुन् । जसमध्ये ५२ हजार ४९० जना छात्रा, ५५ हाजर ७७३ जना छात्र र २ जना अन्य रहेका छन्। मन्त्रालयका अनुसार प्रदेशका १३ जिल्लामा ४३८ परिक्षा केन्द्रहरुको व्यवस्था गरी परीक्षा सञ्चालन हुने व्यवस्था गरिएको छ । मन्त्रालयका अनुसार प्रदेशमा सबैभन्दा धेरै काठमाडौका ३९ हजार ३८२ जना र सबैभन्दा कम र सुवाका ५३३ जना विद्यार्थी एसईईमा सहभागी हुने छन् ।

यसैगरी भक्तपुरका ६ हजार ५९४, चितवना १२ हजार ४६०, धादिङका ५ हजार ४६४, दोलखाका २ हजार ८३३, काभ्रेका ६ हजार ३९७, ललितपुरका १० हजार ५९९, मकवानपुरका ७ हजार ४८१, नुवाकोटका ४ हजार ६१४, रामेछापका २ हजार ७०४, सिन्धुलीका ५ हजार ७८१ र सिन्धुपाल्चोकका ३ हजार ४२३ जना विद्यार्थीले एसईईमा सहभागिता जनाउने भएका छन् ।

सामाजिक विकास मन्त्रालयका सचिव एवम् परीक्षा संचालन तथा व्यवस्थापन समिति बागमती प्रदेशका अध्यक्ष बद्रीनाथ गैरेले परीक्षालाई व्यवस्थित, अनुशासित मर्यादित र शान्तिपूर्ण रुपमा संचालन गर्न सबै तयारी भइसकेको बताउनुभयो । उहाँले परीक्षार्थीहरुका लागि भयरहित एवम् मर्यादित वातावरणको सुनिश्चितता गर्न स्थानीय प्रशासन, स्थानीय तह, संचारकर्मी, शिक्षकका पेशागत समुदाय, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीलगायत सम्पूर्णलाई आग्रह समेत गर्नुभएको छ ।

हार्दिक बधाई एवम् शुभकामना



प्रसिद्ध रेग्मी अभि मैनाली प्रशान्त भण्डारी दिवस सिलवाल

मिति २०८१ साल चैत ५ गते सम्पन्न **स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियू) निर्वाचन**बाट अनेरास्ववियुबाट प्रतिनिधित्व गर्दै मकवानपुर बहुमुखी क्याम्पस अध्यक्ष निर्वाचित **प्रसिद्ध रेग्मी**, हेटौंडा क्याम्पस अध्यक्ष निर्वाचित **अभि मैनाली**, निर्मल बहुमुखी क्याम्पस अध्यक्ष निर्वाचित **प्रशान्त भण्डारी**, वंशगोपाल बहुमुखी क्याम्पस अध्यक्ष निर्वाचित दिवस सिलवालसहित अन्य पदाधिकारी तथा सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

राजेश नगरकोटी, अध्यक्ष
एवम् युवा संघ मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

हार्दिक बधाई एवम् शुभकामना



प्रसिद्ध रेग्मी अभि मैनाली प्रशान्त भण्डारी दिवस सिलवाल

मिति २०८१ साल चैत ५ गते सम्पन्न **स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियू) निर्वाचन**बाट अनेरास्ववियुबाट प्रतिनिधित्व गर्दै मकवानपुर बहुमुखी क्याम्पस अध्यक्ष निर्वाचित **प्रसिद्ध रेग्मी**, हेटौंडा क्याम्पस अध्यक्ष निर्वाचित **अभि मैनाली**, निर्मल बहुमुखी क्याम्पस अध्यक्ष निर्वाचित **प्रशान्त भण्डारी**, वंशगोपाल बहुमुखी क्याम्पस अध्यक्ष निर्वाचित **दिवस सिलवाल**सहित अन्य पदाधिकारी तथा सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

अमृत बर्तौला, अध्यक्ष
एवम् अनेरास्ववियु मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ